मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खाबाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाको बैठक संख्या:-६४

आज मिति २०८१/१०/०७ गतेका दिन विहान १२.०० बजे यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री कमल वहादुर क्षेत्री | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री राम प्रसाद अर्याल | |

आमन्त्रित सदस्य :-
श्री पवित्रा सत्याल (प्र.स्वास्थ्य चौकी)
नेकपाल श्री रामकुमार के.सी.
आलेप श्री भगिरथ घिमिरे
स्तलोपा श्री मित्र बह खड्का
अं.हा.नि. श्री बसन्त बह गुरुङ

प्रस्तावहरु:-

१. ठुलाढुङ्गा सामुदायिक वन क्षेत्र भित्रको पिसपार्क र हेलिप्याड रहेको जग्गाको भोगाधिकारका सम्बन्धमा।
२. विपद प्रभावितहरुलाई आर्थिक सहायता रकम उपलब्ध गराउने सम्बन्धमा।
३. गाउँपालिकाकाको गाडी मर्मत संभारको रकम भुक्तानी सम्बन्धमा।
४. गाउँपालिकामा कार्यरत कर्मचारीलाई सञ्चार खर्च रकम भुक्तानी सम्बन्धमा।
५. प्रमुख प्रशासनीक भवनको अन्तिम विल भुक्तानी सम्बन्धमा।
६ .अमर शसस्त्र प्रहरी कर्मचारीहरुको शिलालेख निर्माणमा भएको सामग्री खरिदको भुक्तानी सम्बन्धमा
७. एकिकृत मालिका एक घर एक धारा खानेपानी आयोजना र फूलवारी चोकरकाटे अर्जै बोम नेटा मो.बा.को प्राविधिक मूल्याङ्कन वापतको रकम भुक्तानी दिने सम्बन्धमा
८. कार्यालयको लागि आवश्यक घर भाडामा लिने सम्बन्धमा
९. खर्च अनुमोदन सम्बन्धमा
१०. सैरे हिले साराकटेरी सुनापते सडकको डिपिआर गर्ने सम्बन्धमा

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | यस गाउँपालिकाको स्थापना सँगै पर्यटन क्षेत्रको विकास तथा विपद उद्धारमा सहजता ल्याउने उदेश्यका साथ यस गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्गको देउराली मन्दिरसँगै जोडिएको करिव ५५ रोपनी जग्गा कम्पाउन्ड गरी मालिका पिस पार्क निर्माण भई केही संरचनाहरु निर्माण भईसकेका, थप संरचनाहरु निर्माण गर्न वाकी रहेका साथै उक्त स्थानमा सँगै जोडिएको जग्गामा हेलिप्याड र प्यारागलाइडिङ्गका केही संरचनाहरु तयार भइसकेको, मालिका रिसोर्टको निर्माण पश्चात यस पालिकाको आर्थिक विकासलाई सुदृढ वनाउनुको साथै पर्यटन प्रवर्द्धनमा महत्वपुर्ण टेवा पुग्ने भएकोले उक्त स्थानको डि.पि.आर. बमोजिम पिसपार्क एरियामा ५५ रोपनी र हेलिप्याड प्यारागलाइडिङ्ग तथा मालिका रिसोर्टका लागि २५ रोपनी जग्गा गरी जम्मा ८० रोपनी जग्गा मालिका गाउँपालिकाले आफ्नो भोगाधिकार क्षेत्र भित्र ल्याउनको लागि आवश्यक प्रकृया अगाडी वढाउने सम्वन्धमा निर्णय गरि गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो। |
|  | विपद शाखा | यस गाउँपालिकाका विभिन्न वडाहरुमा विपदबाट प्रभावित नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा गाउँपालिका स्तरिय विपद व्यवस्थान समितिको मिति २०८१/१०/०७ गतेको वैठकले निर्णय गरि अनुमोदनका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गरेको हुँदा उक्त निर्णय अनुमोदन गरी २१ जना विपद प्रभावितहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो। साथै नेटा वडा कार्यालयको पहिरो सफाई तथा वडा नं.-२ दर्लिङ्गमा गएको पहिरोमा उद्धार तथा राहत वितरणमा भएको खानाखाजा तथा ढुवानीको रकम समेत भुक्तानी दिने निर्णय गरियो। |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**स्टोर शाखा**

गाउँपालिकाको नाममा दर्ता श्रेष्ता कायम भएका स्कारपियो र डवल क्याव गाडीहरु विग्रेको कारण स्वीकृत मर्मत आदेशानुसारको कार्य मर्मत गरी आवश्यक विल सहित तपसिल अनुसारको भुक्तानी माग हुन आएकोले उक्त मर्मतमा खर्च भएको रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

१.स्कारपियो गाडी मर्मत गरेको मैना वगर अटो ल्यान्ड वुटवलको रु ६८४६६/-
२.डवल क्याव गाडी मर्मत गरेको एन्जिला अटो मोलाइल्सको रु.१३१२७१/-
३.स्कारपियो गाडी मर्मत गरेको मैना वगर अटो ल्यान्ड वुटवलको रु ७५५७१/-
४.स्कारपियो गाडी मर्मत गरेको मैना वगर अटो ल्यान्ड वुटवलको रु.३०५११/-

मालिका गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मीमाकार्यरत विभिन्न तहकाकर्मचारीहरुको लागि तहगत तथा समन्वयात्मक रुपमा आवश्यक पर्ने सञ्चार खर्च वापतकोरकम तपसिल अनुसार कार्तिक मंसिर महिनाको भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| S.N | Name of Employ | Mobile number | Rate/Rs |
|---|---|---|---|
| 1 | Kamal Bahadur Kshetri | 9843463169 | 4000 |
| 2 | Bashantaraj Bhusal | 9857064995 | 2000 |
| 3 | Tara G.C.Aryal | 9867194038 | 2000 |
| 4 | Jagat Bdr Paudel | 9860433203 | 3000 |
| 5 | Bishnu Aryal | 9851129149 | 2000 |
| 6 | Bhum Bahadur Gharti Magar | 9846823011 | 1500 |
| 7 | Gopal Sen | 9857031595 | 2000 |
| 8 | Ram kumar K.C | 9851102079 | 2000 |
| 9 | Jhapindra Ghimire | 9867277626 | 2000 |
| 10 | Gopal Bhattarai | 9857024840 | 4000 |
| 11 | Sooraj Bdr G.c | 9869451011 | 2000 |
| 12 | Baburam Pokhrel | 9847193164 | 2000 |
| 13 | Jayalal Pokhrel | 9847062670 | 3000 |
| 14 | Pabitra Satyal | 9860015550 | 2000 |
| 15 | Mira Paudel | 9867784563 | 2000 |
| 16 | Basanta Bhattarai | 9847219515 | 2000 |
| 17 | Basanta Bhusal | 9847301914 | 2000 |
| 18 | Dipak Aryal | 9869933302 | 2000 |
| 19 | Gagan Khadka | 9847456582 | 1000 |
| 20 | Tilak Pokhrel | 9847010552 | 1000 |
| 21 | Sudan Pokhrel | 9847974355 | 1000 |
| 22 | Neelam Acharya | 9861932755 | 1000 |
| 23 | Mahendra Bhandari | 9860955198 | 500 |
| 24 | Naresh K.C. | 9847161614 | 750 |

CamScanner

| | | | |
|---|---|---|---|
| 25 | Suresh Aryal | 9857067705 | 1000 |
| 26 | Sumitra K.C. | 9862908736 | 750 |
| 27 | Min Bdr Khadka | 9857061884 | 1000 |
| 28 | Punaram Ghimire | 9844791707 | 2000 |
| 29 | Tika Gautam | 9841267814 | 1000 |
| 30 | Ram Prasad Aryal | 9867182580 | 500 |
| 31 | Bir Bdr Gharti | 9869262684 | 500 |
| 32 | Hima Gharti | 9841531244 | 500 |
| 33 | Dilliraj Bhattarai | 9847166396 | 500 |
| 34 | Sobiram Kami | 9860551669 | 750 |
| 35 | Bishnu Bdr Gharti | 9869930224 | 500 |
| 36 | Prem Bdr Gharti | 9849589395 | 500 |
| 37 | Kamal Paudel | 9847838774 | 500 |
| 38 | Juna Aryal | 9869451967 | 500 |
| 39 | Rimkala Sejal | 9866564615 | 500 |
| 40 | Yogendra Raj Bhatta | 9848708562 | 1000 |
| 41 | Ranju Kumari Adhikari | 9857064995 | 1000 |
| 42 | Begam Gharti Magar | 9867194038 | 1000 |

| | |
|---|---|
| योजना शाखा | यस गाउँपालिकाको प्रमुख प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई निर्माण व्यवसायी BKOI-Shrestha-Sunil-Samir-jv बाट अन्तिम विल वापत भुक्तानी मागभएको, परामर्शदाता र गाउँपालिकाको प्राविधिक शाखा प्रमुखबाट अन्तिम विल तयारी भएको र अन्तिम विल वापत कूल मूल्याङ्कन रकम रु.६,४६,१०,८१५/७३ अक्षेरुपी छ करोड छयालिस लाख दश हजार आठसय पन्ध्र रुपैयाँ पैसा त्रिहत्तरमात्र भएकोमा रनिङ्ग विल वापत रु.५,२४,४६,६०६/९७ पाँच करोड, चौविस लाख, छयायालिस हजार छसय छ रुपैयाँ पैसा सन्तानब्बे मात्र भुक्तानी भइसकेको हुँदा वाँकी रकम रु.१,१९,६४,२१०/- एक करोड उन्निस लाख चौसठ्ठी हजार दुइसय दशमात्र भुक्तानी दिन वाँकी रहेको हुँदा उक्त रकम निर्माण व्यवसायीलाई भुक्तानी दिने निर्णय गरियो। |
| प्रशासन शाखा | सशस्त्र द्वन्दको समयमा राज्य पक्ष र विद्रोही पक्षका बीच दोहोरो भिडन्तमा ज्यान गुमाएका अमर सशस्त्र प्रहरी कर्मचारीहरु क्रमश स.प्र.ब.ह. हर्क वहादुर खत्री र स.प्र.व.ह. मान वहादुर दर्जीले वीरगति प्राप्त गरेको र निजहरुको मालिका -३ ह्याङ्गदीमा शिलालेख तयार गर्न आवश्यक सामग्री खरिदको रकम रु.४६,८४३/- आर्थिक सहायता वापत भुक्तानी सशस्त्र प्रहरी सहायक निरीक्षक श्री राम प्रसाद भुसाललाई सोधभर्ना वापत भुक्तानी दिने निर्णय गरियो। |

CamScanner

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| योजना शाखा | यस गाउँपालिकामा सञ्चालित एकिकृत मालिका एक घर एक धारा खानेपानी आयोजना र फूलवारी चोकरकाटे अर्जै बोम नेटा मो.बा. निर्माणको लागि इविडिङ्ग गरिएकोमा उक्त इविङ्गिमा पेश भएका प्राविधिक प्रस्तावहरुको मूल्याङ्कनका लागि सार्वजनिक खरिद मूल्याङ्कन समितिले तपसिलका कर्मचारीहरुलाई जिम्मा दिने र सो कार्य सम्पन्न गरेवापत संलग्न प्रति कर्मचारीलाईप्रति ठेक्का वापत रु.१५०००/-का दरले सम्बन्धित योजनाको कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने भनि गरेको निर्णय अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो।<br>१.प्रमुख प्र.अ.कमल वहादुर क्षेत्री<br>२.इन्जिनियर श्री विष्णु अर्याल<br>३.लेखा शाखा प्रमुख श्री राम कुमार के.सी.<br>४.योजना शाखा प्रमुख श्री गोपाल वहादुर सेन ओली |
| प्रशासन शाखा | यस गाउँपालिकामा कार्यरत महिला नगर प्रहरी, आयुर्वेद स्वास्थ्य केन्द्र र खाद्य डिपो सञ्चालनका लागि कोठा तथा घर आवश्यक भएको कारण मिति २०८१ पौष मसान्त सम्मको अवधिका लागि महिला नगर प्रहरीको लागि सन्त वहादुर कामीको घरको पक्की घरको कोठा, आयुर्वेद स्वास्थ्य केन्द्रको लागि शिवलाल शर्माको पक्की घर र खाद्य डिपोको लागि भिमलाल रेग्मीको पक्की घर भाडामा लिएकोमा भाडामा लिएको सम्झौताको अवधि समाप्त भएको र उपरोक्तानुसारका घर तथा कोठाको वैकल्पिक व्यवस्था मिलाउन सक्ने अवस्था नरहेको हुँदा माथि उल्लेखित घर मालिकहरुसँग माथि उल्लेखित उदेश्यका लागि २०८२ असार मसान्त सम्मको अवधिका लागि पहिलेको सम्झौता अनुसारको रकम भुक्तानी गर्ने गरी घर/कोठा भाडामा लिने निर्णय गरियो। |
| आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आ.ब.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न कार्यक्रम अन्तरगत विभिन्न शिर्षकबाट २०८१ पौष मसान्त सम्ममा भएको कूल भुक्तानी रकम रु.१,०५,०८,३८१.६९अनुमोदन गर्ने निर्णय गरियो। |
| प्राविधिक शाखा | यस गाउँपालिकाको कार्यालय र वडा नं.-५ को वडा कार्यालय, मा.वि. र स्वास्थ्य चौकी जोड्ने सडकको स्तरोन्नतीको लागि गाउँपालिकामा श्रोत अभाव भएको कारण स्तरोन्नती गर्न नसकिएको र संघीय तथा प्रदेस सरकार समक्ष संघीय/प्रदेश समपुरक आयोजनामा समावेश गर्नको लागि डिपिआर आवश्यक भएकोले उक्त मो.बा. को डिपिआर तयारी गर्ने निर्णय गरियो। |

CamScanner